# नरहरिनाथ गाउँपालिकाको ९ औं गाउँसभाबाट
# गाउँपालिका उपाध्यक्ष श्री  मनशोभा बुढाद्धारा प्रस्तुत

आ.व. २०७८/०७९

# बजेट तथा कार्यक्रम

नरहरिनाथ गाउँसभा सचिवालय
नरहरिनाथ गाउँपालिका
कुमालगाउँ कालिकोट
कर्णाली प्रदेश नेपाल

**सभाध्यक्ष महोदय तथा**
**गाउँसभा सदस्य ज्यूहरुः**

१. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीले सिर्जना गरेको हाम्रो जीवनकालकै सर्वाधिक चूनौतीपूर्ण परिस्थितिको सामना गर्दै गाउँपालिका बासी नागिरकको जीवन रक्षा गर्दै गाउँपालिकाका आम जनताको आर्थिक, भौतिक,सामाजिक, साँस्कृतिक र मानविय लगाएतका सम्पूर्ण पक्षको विकास गर्न सकिन्छ। भन्ने पूर्ण विश्वासका साथ म आर्थिक वर्ष २०७८/०७९ को आय र व्ययको विवरण सार्वजनिक गर्न यस गरिमामय गाउँसभामा उपस्थित हुनुका साथै हामी निर्वाचित भएदेखि ९ औं गाउँसभामा यो बजेट वक्तव्य पेश गर्न पाउँदा मैले आफूमा गौरव महसुश गरेको छु।

२. यस स्वणिम अवसरमा नेपालको राष्ट्रहित संघीय लोकतान्त्रिक गणतन्त्रको अग्रगामी परिवर्तनका लागि सशस्त्र संघर्ष ऐतिहाँसिक जनयद्धजनआन्दोलनमा त्यागर बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु तथा वेपत्ता नागरिकहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण तथा पिडित नागरिकहरुलाई उच्च सम्मान गर्न चाहान्छु । साथै मूलुक तथा यस गाउँपालिकाको आर्थिक,सामाजिक,भौतिक र मानविय विकास लगाएतका सर्वाङ्गीणविकासमा योगदान पुर्याउने राजनीतिक नेतृत्व,नागरिक समाज,सरकारी तथा गैरसरकारी संस्था र योगदान गर्ने सरोकारवाला सम्पूर्ण प्रति हार्दिकताका साथ सम्मान व्यक्त गर्दछु।

३. सन २०२० को प्रारम्भमा देखा परेको कोभिड महामारीले हाम्रो गाउँपालिकाको विकास र समृद्धिको यात्रालाई गम्भिर रुपमा प्रभावित गरेको छ । कोभिड माहामारी र सोको रोकथाम तथा नियन्त्रण गर्न बाध्यतावस अवलम्बनगरिएका क्रियाकलापले गाउँपालिका भित्रका आ.व. ०७७/०७८ मा सञ्चालनमा रहेका केही योजना तथा कार्यक्रमहरु निर्धारित समयमा सम्पन्न हुन नसक्ने अवस्थामा छन् । जसले यस गाउँपालिकाको समग्र विकास नीतिमा प्रभाव परेको कोभिड १९ संक्रमणको रोकथाम नियन्त्रण र उपचारका लागि गरिएका अर्थक प्रयासका बावजुत पनि केही संख्यामा गाउँपालिका बासीले ज्यान गुमाउनु परेको छ। यस गाउँपालिकामा महामारीबाट मृत्युवरण गर्नुहुने गाउँवासीहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै मृतक परिवारहरुमा समवेदनमा व्यक्त गर्दछु। संक्रमित व्यक्तीहरुको स्वास्थ्य लाभको कामना गर्दछु। साथै कोभिड-१९ को संक्रमणको रोकथाम नियन्त्रण र न्यूनिकरणका लागि दिनरारत खटिने स्वास्थ्यकर्मी र सो कार्यक्रममा हातेमालो गरी सहयोगी भूमिका निर्वाह गर्ने सरकारी तथा गैरसरकारी संस्थालाई पनि उच्च सम्मान गर्न चाहान्छु।

४. कोभिड महामारीको दोस्रो लहरको जोखिम बढ्दै जाँदा, हाम्रा सामू चूनौतिहरु थपिएका छन् । संक्रमणको जोखिम कायम रहने अवधि र यसको प्रभाव अझै एकिन हुन सकिएको छैन। संकटको यस घडिमा पालिकाले गाउँवासीको जीवन रक्षाको अभिभारालाई उच्च प्राथमिकता दिएको छ । साथै, महामारीका बीचमै पनि स्वास्थ्य सजगता अपनाउँदै आर्थिक गतिविधिलाई निरन्तरता दिन गाउँपालिका प्रतिवद्ध छ।

**सभाध्यक्ष**
**गाउँसभा सदस्यहरु**

५. ऐतिहासिक जनआन्दोलनको जगमा स्थापना भएको संघीय लोकतान्त्रिक गणतन्त्रले हामीलाई दिगो शान्ती स्थायित्व,विकास,समुद्धि, सामाजिक न्याय र समाजबाद तर्फ अघि बढ्ने स्थायी आधार दिएको छ । गाउँपालिका बासीको परिवर्तन एवंम विकास र समृद्धिको सपनालाई यर्थाथमा सार्थक बनाउन बाटो खुलेको छ। सामाजिक न्याय सहितको बहु आयामिक एवंम तिव्र आर्थिक, सामाजिक,भौतिक र मानविय लगायतका सर्वाङगीण विकासद्धारा समृद्ध नरहरिनाथ गाउँपालिका सुखी गाउँपालिका बासीको आकांक्षा पुरा गर्न सकिने बलियो आधार तयार भएको छ। विकास अनि समृद्धिका नयाँ नयाँ मानक स्थापित गर्दै अघि बढ्न सम्भव भएको छ।

६. आ.व. ०७७/७८ मा गएको बाढी पहिरो पिडित परिवारलाई उद्धार,राहत,पुनःस्थापना गरेपनि सम्पुर्ण पिडित परिवारलाई पुनःस्थापना गराउन अझ बाँकी रहेको छ । कालिकोटकै सबैभन्दा ठूलो स्थानीय तह जुन भौगोलिक बिकटताका कारण सबै बडामा सन्तुलित र समानुपातिक विकास गरी सबै प्रकारका विकासलाई समानिकरण रुपमा अगाडी बढाउन चूनौतिपूर्ण देखिन्छ ।

७. वर्तमान समयमा यस पालिकाको नेतृत्वमा हामीले विकास निर्माण र सामाजिक न्यायको क्षेत्रमा उल्लेखनिय सफलता हासिल गरेका छौ । दशकौ देखिको खानेपानीको संकटलाई समाधान गर्दै एक घर एक धारा ल्याउन सफल भएका छौ । गाउँबासीलाई विद्युतको पहुँचमा पुर्याउन धाँचूखोला जलविद्युत ४२४ किलो वाट उच्छव खोलाको जलविद्युत आयोजनाबाट हाल विद्युत संचालनमा रहेको छ भने जाँत्तता जलविद्युत आयोजनाबाट विद्युत उत्पादन हुने प्रक्रियामा छ । नव निर्मित गाउँपालिकाको भवनसम्म सडक सञ्जाल जोडिएको छ । गाउँपालिका अन्तर्गतका वडा नं.४ र ७ बाहेकका अरु वडाहरुमा सडक सञ्जालमा जोडिएका छन् । गत वर्षका बाढी पहिरोबाट विस्थापित परिवारलाई एकिकृत बस्ती निर्माण गरी पुनःस्थापित गरिएको छ । सही नीति,सक्षम नेतृत्व,दृढ आत्म-विश्वास र समर्पणका साथ अघी बढ्दा विकासको अवधारणालाई तीव्रता दिन सकिन्छ भन्ने सकरात्मक सन्देश समप्रेषण गर्न हामी सफल भएका छौ ।

**सभाध्यक्ष महोदय तथा**
**गाउँसभा सदस्य ज्यूहरुः**

८. अब म चालू आ.व. २०७७/०७८ को असार ०७ गतेसम्मको प्रगति समिक्षा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

- चालू आ.व.माविनियोजन भएको जम्मा रकम रु. ५४ करोड ५४ लाख २४ हजार ४ सय २४मध्ये असार ०७ गतेसम्म कार्यान्वयन भएको रु. २५ करोड ९० लाख ५० हजार १५ खर्च भएको छ,जुन कुल बजेटको ४७.५ प्रतिशत रकम खर्च भएको देखिन्छ । आ.ब. २०७८ को असार मसान्तसम्म करिब ५१करोड खर्च हुने संशोधित अनुमान समेत गरेको छु । जुन संसोधित खर्च ९३.५ हुनेछ।

९. अब म विषयगत तथा क्षेत्रगत रुपमा विनियोजित भएको रकमको प्रगति समिक्षा प्रस्तुत गर्न चाहान्छु ।

- भौतिक विकास तर्फ (सम्पन्न भएका सडक)
- कच्चि सडक -९ कि. मि.

१०.**निर्माणाधिन सडक-**

- कच्चि सडक –३ कि.मि.
  निर्माण सम्पन्न भएका भवनहरु २वटा
  निर्माणधिन भएका भवनहरु १५ वटा

११.**रोजगार सेवा केन्दको प्रगति समिक्षा**

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका १२ वटा आयोजनामा ४८० जनावेरोजगारनागरिकलाई १०० दिनको रोजगारीमा समावेश गरिएको छ ।
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका ११ वटा आयोजना संचालन गरी वेरोजगार नागरिकहरुलाई रोजगारीमा समावेश गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको यूवा रुपान्तरण पहल परियोजना ९ वटा आयोजनामा १०० जना वेरोजगार नागरिकलाई रोजगारीमा समावेश गरिएको छ ।
- विश्वखाद्य कार्यक्रम एम डि आई नेपालको परियोजनामा ४ वटा आयोजनामा ५५० जना वेरोजगार नागरिकलाई रोजगारीमा समावेश गरिएको छ ।

- यसनरहरिनाथ गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट यस गाउँपालिका भित्र ४७ वटा आयोजना संचालन गरी २४०४ जना बेरोजगार नागरिकलाई रोजगारीमा समावेश गरिएको थियो ।

१२.**पशुसेवा शाखा**

- यसनरहरिनाथ गाउँपालिका अन्तर्गत पशु सेवा शाखाबाट कुखुरापालन तथा बाख्रा पालन व्यवसाय प्रर्वद्धनका लागि ९ वटा समुहलाई अनुदान प्रदान गरि आय आर्जनमा किसानहरु आत्मनिर्भर भएका छन् ।
- भैसीको गोठ सुधार कार्यक्रम र एकिकृत भूँई घाँस क्षेत्रविकास कार्यक्रम अन्तर्गत यस पालिका भित्रका ४वटा भैसीपालन फर्महरुलाई कार्यक्रममा समावेश गरी किसानहरु आत्मनिर्भर भएकाछन् ।
- नरहरिनाथ गाउँपालिकाकाको शसर्त बजेट अन्तर्गत भैसी प्रवर्द्धन,व्यवसायीक बाख्रा पालन (पकेट विकास कार्यक्रम) अन्तर्गत ३ वटा समुहलाई अनुदान मार्फत स्वरोजगार भएका छन् । पशुसेवा शाखाको उपचार सेवाबाट १३२६ जना सेवाग्राहीका जम्मा ७६०३ पशु चौपायालाई उपचार सेवा प्रदान गरिएको छ ।

१३.**उद्योग शाखा**

- यस नरहरिनाथ गाउँपालिका अन्तर्गत उद्योग विकास शाखाबाट विभिन्न सिपमूलक तालिम ( सिलाई कटाई,बेसिक कम्प्युटर,हाते होजियारी,फर्निचर सम्बन्धि तालिम अल्लो प्रशोधन) मार्फत ८० जना नयाँ उद्यमीर ४१ जना पुराना उद्यमीहरुको स्तररोन्तिका गरिएको छ ।
- उद्योग विकास शाखाबाट प्रविधि हस्तान्तरण अन्तर्गत यस पालिका भित्रका २ वटा समुहलाई आधुनिक फर्निचर सम्बन्धि तालिम र आधुनिक सिलाई कटाई सम्बन्धि तालिम तथा विभिन्न सामाग्री वितरण गरिएको

१४.**शिक्षा शाखा**

- यस नरहरिनाथ गाउँपालिका अन्तर्गत बिभिन्न वडामा ११ वटा आई .सि.टि. भवन निर्माण गरि फर्निचरको ब्यबस्था समेत गरिएको छ ।

१५.**कृषि शाखा**

- यस नरहरिनाथ गाउँपालिका अन्तर्गत गाउँपालिकाको चौथिकोट पाइप लाइन सिँचाई आयोजना वडगाउँ पाइप लाइन सिँचाई आयोजना जाखुडे सिँचाई कूलो सञ्चालन गरि सो क्षेत्रको करिब १०० हेक्टर क्षेत्रफलमा सिँचाईको व्यवस्था मिलाईएको छ ।
- बालि संरक्षण कार्यक्रम अन्तर्गत गाउँपालिकाका सबै किसानहरुलाई विषादी वितरण गरिएको छ । गाउँपालिकाको २ वटा समुहलाई तरकारी बिउ तथा खाद्यन्न उत्पादन केन्द्रको रुपमा स्थापना गरिएको छ । आलु,प्याज र फलफूल कार्यक्रम अन्तर्गत ४ वटा समुह समावेश गरी उक्त कार्यक्रम हरु सम्पन्न गरिएको छ । आई पि एम कृषक पाठशाला सञ्चालन गरी खुलालुमा रहेक ३ वटा कृषक समुहका २५ जना कृषकलाई समावेश गरिएको छ ।

**१५. महिला बालवालिका तथा समाज कल्याण ईकाइ**

- **महिला बालवालिका तथा समाज कल्याण ईकाइबाट** अतिविपन्न घर बार विहिन एक जना दलित महिलाको लागि आवास निर्माण गरी हस्तान्तरण गरिएको छ ।यस पालिका भित्रका ३१ जनाअति बिपन्न एकल महिलाहरुलाई बाख्रा बितरण तथा ११ जना महिलालाई ३ महिने बेसिक कम्प्यूटर तालिम प्रदान गरिएको छ ।

**१६ .लक्षित वर्गतर्फ विनियोजित बजेट**

- महिला लक्षित कार्यक्रमबाट यस गाउँपालिकाका ४५ जना महिलाहरुलाई बेसिक कम्प्यूटर तालिम प्रदान गरिएको छ । साथै दलित लक्षित कार्यक्रमबाट ६ जना दलित महिलाहरुलाई

बेसिक कम्प्यूटर तालिम प्रदान गरिएको छ, यस पालिकाका ४५ जना ज्येष्ट नागरिकलाई कम्बल ब्लाङ्केट वितरण गरिएको छ

- शहिद तथा वेपत्ता परिवारका सदस्यहरुलाई सम्मान स्वरुप १९६ घर परिवारलाई न्यानो कपडा (ब्लाङ्केट) वितरण गरिएको छ ।

१७ .बजेटका उल्लेखित उद्देश्यहरु प्राप्त गर्न मैले देहाय बमोजिमका बजेटका क्षेत्रगत र कार्यक्रमगत प्रथामिकता निर्धारण गरेकोछु।

1. कोभिड-१९ लगायतका माहामारीबाट गाउँपालिका बासिहरुको जीवन रक्षाका लागि अत्यावश्यक औसधि, स्वास्थ्य सामाग्री र उपचारको भरपर्दो व्यवस्था गर्ने,
2. गाउँपालिकामा वर्षर्नी हुने खद्य संकटको अन्य गरी खाद्यन्नको भण्डारण, खाद्य सम्प्रभुत्ता, पोषण तथा खाद्य सुरक्षाको भरपर्दो व्यवस्था गर्न कर्णाली प्रदेश सरकारसँग समन्वय गरी खाद्यन्नको आपूर्ति र वितरण गर्ने ,
3. उद्यमशिलता तथा सीप विकास मार्फत नागरिकका आभारभूत आवश्यकता परिपूर्ती गर्दै गाउँपलिका वासीको जीवनस्तरमा सुधार ल्याउने ,
4. कृषि, वन, उद्योग, पर्यटन र निर्माण लगायतका क्षेत्रको पुनरुत्थान गरी उत्पादन एवम उत्पादकत्व बृद्धि गर्ने,
5. स्वास्थ्य र शिक्षा क्षेत्रको दिर्घकालीन विकासको लागि भौतिक पूर्वाधारको विकास, दक्ष जनशक्ति नविन प्रविधि र संस्थागत विकास गर्ने,
6. सिँचाई, सडक र खानेपानी लगायतका भौतिक पूर्वाधारको विकास गर्ने,
7. शासकीय सक्षमताको विकास गरी सुशासन प्रशासनिक सरलता र सदाचार प्रबर्धन गर्ने ।

**सभाध्यक्ष**

**गाउँ सभा सदस्यहरु**

१८ आगामी वर्षको बजेटको तर्जुमा गर्दा देहायका विषयलाई आधारको रुपमा लिएको छु ।

- नेपालको संविधान ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित व्यवस्थपन ऐन, २०७४
- संघ र प्रदेश सरकारले जारी गरेका नीति, कानून र मापदण्ड
- संघ, प्रदेश र यस गाउँपालकाको विकास योजना
- यस गाउँपलिकाको स्रोत साधन
- विकासका अन्तर सम्बन्धित विषयवस्तुहरु
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतसँग जनाएका प्रतिबद्धताहरु
- संघ र प्रदेश अन्य नीतिहरु
- सुखी नरहरिनाथ बासी भन्ने गाउँपालिकाको आकांक्षा ।
- दिगो विकास लक्ष्य ।
- विगतका गाउँसभावाट स्वीकृत भई चालू अवस्थामा रहेका र सम्पन्न हुन बाँकी योजना ।
- वडा समितिबाट गाउँपालिका स्तरीय योजनाका लागी प्राथमिकिकरण भई आएका योजना तथा कार्यक्रम ।
- बढी भन्दा बढी जनसहभागिता जुट्ने आयोजनाहरु ।
- लक्षित वर्ग कार्यक्रमहरु लक्षित वर्ग सँग नै पुगुन भन्ने ध्येय ।

- समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा ।
- सबै प्रकारका,सामाजिक,आर्थिक विभेद्को अन्त्य गर्दै विकास समृद्धि र सामाजिक न्यायको यात्रालाई थप गतिशिल बनाउन र समाजबादको आधार निर्माण गर्ने उद्देश्यबाट निर्देशित भएको छ ।
- जनप्रतिनीधि, कर्मचारी, नीजि क्षेत्र,बुद्धिजीवि, पेशाविद्, राजनैतिक दल र आम नागरिकबाट प्राप्त सुझावलाई समेत यथोचित महत्व दिएको छु ।

**सभाध्यक्ष**
**गाउँ सभा सदस्यहरु**

**१९** अब म आ.व. २०७८/७९ को यस गाउँपालिकाको आयको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु।
यस गाउँपालिकाको कूल बजेटः- रु ४९ करोड ८८ लाख ३४ हजार रुपैया रहेको छ ।
जसमध्ये चालु् तर्फः- २८ करोड ३० लाख ६५ हजार
पुजीँगतः- २१ करोड ५७ लाख ६९ हजार
कूल बजेट प्राप्त शिर्शकहरु

गाउँपालिकनाको आन्तरिक श्रोत( गाउँपालिकाको विधिन्न कर र गैर करबाट प्राप्त राजस्व)- रु ३३ लाख

<u>**नेपाल सरकारबाट प्राप्त अनुदान**</u>

बित्तिय समानीकरण अनुदान- १२ करोड ४६ लाख मात्र ।
सर्शत अनुदानः २१ करोड ४७ लाख मात्र ।
समपुरक अनुदान-१ करोड २५ लाख मात्र ।
विषेश अनुदान१ करोड ६६ लाख मात्र ।
राजस्व बाँडफाँडः-७ करोड ७३ लाख मात्र ।
जम्माः ४४ करोड ५७ लाख मात्र ।

<u>**प्रदेश सरकारबाट प्राप्त अनुदान**</u>

बित्तिय समानीकबित्तिय समानीकरण अनुदानः-१करोड ३७ लाख ४० हजार मात्र ।
समपुरक अनुदानः- १ करोड १५ लाख मात्र।
सर्शत अनुदानः२ करोड १५ लाख ९४ हजार मात्र ।
विषेश अनुदानः- ३० लाख
जम्माः- ४ करोड ९८ लाख ३४ हजार

**सभाध्यक्ष**
**गाउँ सभा सदस्यहरु**

२०. माथि उल्लेखित आय रकममा आधारीत भई अव म आ.व. २०७८/०७९ को मुख्य मुख्य क्षेत्रमा बिनियोजन प्रस्तुत गर्न अनुमति चाहान्छु ।

<u>**विनियोजन देहायानुसार रहेकोछ।**</u>

२१ सेवाग्राहीलाई सरल, सहज र सुविधायुक्त तवरले सेवा प्रदान गर्ने नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको हाम्रो गाउँपालिका अन्तर्गतका ९ वटै वडाहरुमा प्रशासनिक खर्च रु.२७ लाख २६ हजार र पुजिगत खर्च रु. २ करोड २५ लाख गरी जम्मा रु ३ करोड १२ लाख २६ हजार विनियोजन गरेकोछु।

२२. नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको आन्तरीक श्रोतसमेत गरी जम्मा २०करोड ८७ लाख ७९ हजार ९८० मध्ये चालु तर्फ रु. ११ करोड ६६ लाख २९ हजार ९८० र पुजिगत तर्फ ९ करोड २१ लाख पचास हजार रकम बिनियोजन गरेकी छु ।

२३ अब म वियषगत शाखा र क्षेत्रतर्फको नीति तथा विनियोजन गरिएको बजेट प्रस्तुत गर्न अनुमती चाहान्छु।

१. <u>आर्थिक विकास</u>

**(क) कृषितथा पशु बिकास शाखा**

- कृषि क्षेत्रलाई परम्परागत प्रणालीबाट ब्यवसायिक तथा प्रतिस्पर्धात्मक मूल्यवान कृषि उपज उत्पादन प्रणालिमा रुपान्तरण गर्न तुलनात्मक लाभका बाली बस्तुहरु फलफुल तरकारी र पशुपालन प्रर्वधनलाई बिशेष प्राथमिकता दिदै आवश्यक बजेट बिनियोजन गरिएको छ ।
- पूर्ण प्रागारिक खेति गर्ने गाउँपलिकाको पहिचान बनाउने यस गाउँपालिकाको लक्ष्य हाँसील गर्न **बोट र गोठमा लगानीगरौ भन्ने नारा**का साथ प्राङ्गारीक खेती प्रवर्द्धन लाई बिशेष प्राथामिकता दिईएको छु ।
- स्थानिय कच्चा पदार्थमा आधारीत नव पर्वतक एव सिर्जनशिल उद्यमीलाई प्रोत्सान गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।
- यस गाउँपालिका कृषकहरुलाई प्रोत्सान गरी कृषि जन्य बस्तुहरुबाट आय आर्जन बृद्धि गरी आत्म निर्भर बनाउन माटो परिक्षण गर्ने कृषि घरवारी बगैचा ब्यवस्थापन गर्न प्रबिधि हस्तान्तरण गर्न र बिउ बिजन बितरणका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- कृर्षि क्षेत्रको ब्यवसायिकरण बिबिधिकरण र आधुनिकरण गर्न माथि उल्लेखित बुदाँको कार्यान्वियन गर्न रु १ करोड ७ लाख बजेट बिनियोजन गरिएको छ ।

**(ख) उद्योग तथा वाणिज्य**

- यस गाउँपालिकामा संचालित लघु उद्योगलाई आवश्यक कच्चा पदार्थको आपूर्ति सुनिश्चित गर्न उद्योगिले चाहेको क्षेत्रमा समन्वयात्मक रुपमा कच्चा पर्दार्थ उत्पादन प्राबिधिक सेवाको लागी आवश्यक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र विविध प्रकारका उद्योगको बिकास तथा बिस्तार गरि महिला दलित फरक क्षमता भएका ब्यक्ती र अप्पसंख्यकहरु लाई सिप बिकास कार्यक्रमहरु संचालन गरी निजहरुको जिवन स्तर सुधार गर्न आवश्यक वजेट बिनियोजन गरेको छु ।
- स्थानिय कच्चा पदार्थमा आधारित नवप्रर्वतक एंव सिर्जनशील उद्यमशिलतालाई प्रोत्साहन गर्न आवश्यक वजेट बिनियोजन गरेको छु ।
- युवा तथा लक्षित वर्गको स्वरोजगारलाई निरन्तरता दिई उद्यमशीलता एंव सीप बिकासका कार्यक्रमहरुलाई थप ब्यवहारिक एंव ब्यावसायिक बनाई सञ्चालन गर्न सीपसँग सहयोग कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- समग्र उद्योग तथा बाणिज्य क्षेत्रको बिकास बिस्तार र प्रर्बद्वन गर्नको लागी रु ४३लाख रकम बिनियोजन गरिएको छ ।

२. **सामाजिक विकास**

**(क) शिक्षा**

- यस गाउँपालिकामा रहेका सम्पूर्ण बिद्यालयहरुमा गुणस्तरिय बैज्ञानिक सर्बसुलभ र निःशुल्क शिक्षा प्रदान गरि बालबालिकाको संबैधानिक अधिकार सुनिश्चत गर्दै सिपमुलक शिक्षा प्रदान गरि स्वरोजगार गर्नको लागी रु १४ करोड २७ लाख ६९ हजार ४०० बिनियोजन गरेको छु ।

**(ख) स्वास्थ्य**

- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीले विश्वनै आक्रान्त भईरहेको परिपेक्ष्यमा हाम्रो देश नेपालका साथै यो गाउँपालिका पनि अछुत्तो रहन सकेन तथापी कोभिड-१९ महामारीको रोकथाम नियन्त्रण र न्यूनिकरण गरी नागरिकको जिवन रक्षा गर्नुका साथै सम्पूर्ण गाउँपालिका बासीलाई निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन विविध कार्यक्रम सञ्चालनार्थ रु. ४ करोड २३ लाख ९१ हजार ५४० रकम बिनियोजन गरेको छु ।

**(ग) रोजगार सेवा केन्द्र**

- यस गाउँपालिका भित्र बेरोजगार ब्याक्तिहरुलाइ प्रधानमन्त्रि रोजगार कार्यक्रममा समावेस गरी वडा स्तरबाट छनोट भएका आयोजनाहरुमा १०० दिनको रोजगार प्रदान गरी स्वरोजगार बनाउन आवश्यक बजेट बिनियोजन गरेको छु।
- उमेर पुगेका युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको यूवा रुपान्तरण कार्यक्रममा सहभागी गराई निजहरुलाइ रोजगार प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
- मुख्यमन्त्रि रोजगार कार्यक्रममा बेरोजगार नागरीकलाई समाबेस गरी जिविको पार्जनको लागि स्वरोजगार बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु।
- प्रधानमन्त्रि तथा मुख्यमन्त्रि रोजगार कार्यक्रमको लागि विभिन्न आयोजनाका लागि रु २ करोड ७४ लाख रकम बिनियोजन गरेको छु।

**(घ) राष्ट्रिय परिचय पत्र तथा पजिकरण शाखा**

- ब्याक्तिगत घटना दर्तालाई अनलाईन प्राणालीमा आवद्ध गरी सेवा प्रवाहलाई सरल सहज र सुबिधा युक्त तरिकाले सेवा ग्राही समक्ष पुर्याउन तथा सामाजिक सुरक्षा प्रणाली लाई बैङ्कीङ् प्रणालीमा आवद्ध गरि पारदशिता कायाम गर्न रु. १८ लाख बिनियोजन गरेको छु।

**(ङ) संस्कृति प्रबर्धन तथा पर्यटन बिकास**

- गाउँपालिका भित्र भएका धार्मिक सामाजिक र साँस्कृतिक परम्परा र रितिथितिहरुको जगेर्ना गर्न तथा सस्कृतिलाई निरन्तरता दिन र धार्मिक स्थलको निर्माण तथा सस्कृतिलाई सार्वजनीकीकरण गर्न रु १५ लाख बजेट बिनियोजन गरेको छु।
- यस गाउँपालिका भित्र रहेका पर्यटकिय स्थलहरुलाई बिकास बिस्तार र स्तरउन्नति गरी उक्त पर्यटकीय स्थलहरुलाई मुख्य गन्तब्यको रुपमा बिकास गर्न आवश्यक बजेट बिनियोजन गरेको छ।

**३. लैंगिक समानता र सामाजिक समाबेशिकरण**

✓ **महिला**

- गाउँपालिका भित्र भएका महिलाहरुको आर्थिक राजनैतिक सामाजिक र सिप बिकास गर्न तथा जनचेतना अभिबृद्धि गरी आत्म निर्भर बनाउन महिला संग उपाध्यक्ष हातेमालो कार्यक्रम अन्तर्गत बिभिन्न क्रियाकलाप सचालन गर्न रु १९ लाख ५० हजार बजेट बिनियोज गरेको छु।

✓ **बालबालिका**

- यस गाउँपालिका भित्र रहेका अति बिपन्न, असाय, टुहुरा र घरवार बिहिन बालबालिकाहरुलाई शैक्षिक सामाग्री बितरण, तथा बिभिन्न बार्षिक प्रतियोगितात्मक क्रियाकलाप संचालन गरी बालबालिकाको सर्बाङ्गीण बिकासको लागि रु ९ लाख बिनियोजन गरेको छु।

✓ **ज्येष्ठ नागरिक**

- जेष्ट नागरीक सग भएको उचित ज्ञान र शिपको अन्तर पुस्ता हस्तान्तरण गर्न तथा उहाँहरुलाई उच्च सम्मान गर्न लगाएतका विविध क्रियाकलाप सचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छु।

✓ **फरक क्षमता भएका व्यक्ति**

- फरक क्षमता भएका ब्याक्तिको सिप बिकास गरी निजलाई स्वरोजगार तथा आत्मनिर्भर बनाई आत्म सम्मानका साथ जिवन यापन गर्नको लागि विविध क्रियाकलाप सचालन गर्न रु ९ लाख बिनियोजन गरेको छु।

✓ **दलित**

- आर्थिक सामाजिक राजनैतिक र अन्य दृष्ट्रिकोणबाट पछाडि पारीएका दलित समुदायलाई गाउँपालिको मुल प्रवाहमा ल्याउन तथा निजहरुलाई गाउँपालिकाको साधन श्रोत शक्ती र अवसरमा पहुँच र प्रतिनिधित्व सुनिच्चित गर्न विविध सिपमुलक कार्यक्रम सचालन गरी स्वरोजगार बनाउन रु ९ लाख विनियोजन गरेको छु।

## ४. अन्य लक्षित

- गाउँपालिका भित्र रहेका बेरोजगार युवाहरुको यथार्थ तथायाङ्क संकलन गरी निजहरुलाई स्वरोजगार बनाउन बिभिन्न सिपमुलकका क्रियाकलाप सचालन गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छ।
- संघीय लोकत्रान्तिक गणतन्त्र प्राप्तिका लागि त्याग र बलिदान गर्ने,जनयुद्ध तथा जनआन्दोलनका सहिद तथा बेपत्ता परिवारका सदस्यलाई स्वरोजगार बनाई आत्म सम्मानका साथ जिवनयापनका लागि सिपमुलक तालिम संचालन गर्न रु १० लाख बजेट जिनियोजन गरेको छ।

## ५. पूर्वाधार विकास

### (क) सडक तथा पूल

- भौगोलिक हिसावमा कालिकोट जिल्लाकै सबैभन्दा बिकट भुगोल रहेको नरहरिनाथ गाउँपालिकाको सबै वडामा सडक संजाल जोडी नागरिकलाई यातायातको सुविधा सुनिच्श्रित गर्न सडक निर्माण तथ सुधार तर्फ रु. ४ करोड २५ लाख रकम बिनियोजन गरेको छ।

### (ख) सिँचाई

- गाउँपालिका भित्रको खेती योग्य जमिनमा सिचाईको पहुँच पुर्याई खाद्यन्नको उत्पादन तथा उत्पादकत्व अभिबृद्धि गरि नागरीकलाई खाद्य संकटबाट माथि उकास्न तथा खाद्य सम्प्रभुत्ताको अधिकारलाई सुनिच्श्रितता गर्न रु १ करोड ७१ लाख बजेट बिनियोजन गरेको छ।

### (ग) भवन तथा शहरी विकास

- नागरीकलाई सावर्जनिक सेवा प्रवाहमा सरल सहज र सुविधा युक्त तरिकाले प्रवाह गर्न गाउँपालिकाको निर्माणाधिन भवनलाई पूर्णता दिन रु ३० लाख बजेट बिनियोजन गरेको छ।

### (घ) उर्जा

- यस गाउँपालिका भित्र निर्माणाधिन तथा निर्माण सम्पन्न भएका लघु तथा साना जलबिधुत आयोनाहरुको मर्मत संम्भार गरी बिधुत उत्पादन तथा बितरण कार्यलाई निरन्तरता दिन सौर्य उर्जालाई बिकास तथा बिस्तार गरी नागरीकको घर घरमा उज्यालो प्रदान गर्न रु १० लाख बजेट बिनियोज गरेको छ।

### (ङ) संचार

- गाउँपालिका र वडा स्तरबाट प्रवाह गरिने सम्पुण सेवाहरुलाई बिधुतिय माध्यामबाट प्रदान गर्न तथा नागरीकलाई सूचनामा सहज पहुँच पुर्याउन आवश्यक बजेटको ब्यावस्था गरेको छ।
- यस गाउँपालिकाले गरेका बिभिन्न क्रियाकलापलाई नागरीक समक्ष पुर्याई निजहरुको सबैधानीक र कानूनी अधिकारको सुनिच्श्रित गर्न नरहरिनाथ गाउँपालिकाको आफ्नै स्वामित्वमा रहेको रेडियो सुनथरालि एफ .एम.बाट गाउँपालिकाले गरेका सम्पूर्ण गतिविधिहरु प्रसारण गरिने छ।
- रेडियो सुनथरालि एफ एमको प्रसारण तथा ब्यवस्थापनको लागि रु १८ लाख १९ हजार रकम बिनियोजन गरेको छ।

## ६. वन, वातावरण तथा विपद व्यवस्थापन

### (क) वन तथा भू- संरक्षण

- हरियो बन नेपालको धन भन्ने युक्तिलाई चरितार्थ बनाउन यस गाउँपालिकाका खालि डाँडा र खुल्ला स्थानहरुमा बृक्षारोपण गरी पर्यावरण लाई सन्तुलित बनाउन तथा प्राकृतिक प्रकोपहरुलाई न्युनिकरण गर्न बृक्षारोपण लगाएत अन्य क्रियाकलाप संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।

### (ख) जलाधार संरक्षण

- गाउँपालिका भित्र अवस्थित जलाधारहरुको सरक्षण बिकास र प्रबद्धन गर्न आवश्यक बजेटको व्यवस्था गरीएको छ।

### (ग) फोहोर मैला ब्यवस्थापन

- वडासंगको साझेदारीमा फोहोरमैला प्रशोधन तथा कम्पोष्ट मल उत्पादन केन्द्र स्थापना तथा संचालनका लगि निति योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गरिनेछ ।

**(घ) जलवायू परिबर्तन**

- गाउँपालिका भित्रका बिकास आयोजनाहरु  जलबायु परिवर्तन अनुकुलन हुने गरी सचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- जलवायुपरिवर्तनका असर र प्रभाव सगं जुध्न अनुकुलनका सफल अध्यासहरु सम्बन्धी बृतचित्र तयार गरि प्रचार प्रसार गरिनेछ ।
- जलबायु अनुकुलित गाउँको निर्माण गर्न निति योजना र कार्यक्रम तर्जुमा गरी कार्यन्वयन  गरिनेछ ।

(ङ) विपद् व्यवस्थापन

- यस गाउँपालिकाभित्रका वर्षै भरि आउने विपदहरुको व्यवस्थापन  पिडित नागरिकको उद्धार, राहत र पुनः स्थापन गर्न रु ३५ लाख बजेट विनियोजन गरेको छु।

**७. सुशासन तथा संस्थागत विकास**

**(क) सार्वजनिक सुनुवाई**

- यस गाउँपालिकामा भएका सम्पूण गतिबिधिहरुलाई नागरीक समक्ष पुर्याई पारदर्शि र उत्तरदायी सरकार सचालन गर्न त्रैमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

**(ख) सामाजिक परीक्षण**

- यस गाउँपालिकाले सामाजिक क्षेत्रमा गरेका प्रत्येक क्रियाकलापको त्रैमासिक रुपमा सामाजिक परिक्षण गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

**(ग) आन्तरिक तथा अन्तिम लेखा परीक्षण**

- गाउँपालिकाले गरेका आर्थिक गतिबिधिकोहरुको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गरी सार्वजानिक जवाफदेहिता प्रर्वद्धन गर्न तथा सुशासन कायाम गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

**(घ) बेरुजु फछ्र्यौट**

- गाउँपालिकाले गरेका बिभिन्न क्रियाकलापमा म. ले. प. बाट औल्याईएका विभिन्न नीतिगत तथा सैद्धान्तिक बेरुजु फछ्र्यौट गर्न आवश्यक पहल गर्न बजेटको ब्यवस्था गरिएको छ ।

**गाउँसभा अध्यक्ष ज्यू**
**गाउँ सभा सदस्यहरु**

२४ अब आगामी आर्थिक वर्षका यस गाउँपालिका भित्रका मुख्य मुख्य योजना तथा प्राथामिकतामा परेमा कार्यक्रमहरुमा विनियोजन गरिएकोबजेट तथा नीति  प्रस्तुत गर्न चाहन्छु ।

| | |
|---|---|
| • शैनेखोला देखि जनता मा. बि.रुप्सा सम्म सडक निर्माण | ४० लाख |
| • तल्कोट,माल्कोट र खातिरुप्सा हुदै चुनासम्म सडक निर्माण | ४० लाख |
| • टाटरुख देखि माल्कोट उच्छव रामारोशन पर्यटकीय मार्ग | ४० लाख |
| • भैसेटे-देखि बाउसेरासम्म सडक निर्माण | १५ लाख |
| • लालिघाट-सुनथराली हुँदै बडिमालिका पर्यटकीय  सडक मार्ग | १५ लाख |
| • बड्डागडा देखि जनता मा वि- रुप्सा  सम्म सडक मार्ग | १५ लाख |
| • बावनगाउँ देखि अयरपालत हुदै वडा नं ९ को कार्यालयसम्म सडक निर्माण | १५ लाख |
| • बाँस देखि लामा राईटा सम्म सडक निर्माण | १५ लाख |
| • खच्चे देखि रातीमाटा सम्म सडक निर्माण | १५ लाख |
| • गाउँपालिका भवन निर्माण | ३० लाख |

- बस्तीस्तरबाट आएका योजनाका लागि वडागत बजेट २ करोड २५ लाख
- सडक साझेदारी रकम २ करोड ४० लाख
- खानेपानी झो. पु. बिभिन्न बिकास साझेदार संघ संस्थासंग साझेदारी रकम १ करोड
- यस गाउँपालिकाभित्रका वर्षै भरि आउने विपदहरुको व्यवस्थापन पिडित नागरिकको उद्धार, राहत र पुनः स्थापन गर्न रु ३५ लाख बजेट विनियोजन गरेको छ।

२५ गाउँपालिका भित्रका गाउँबासिहरुलाई नेपाल सरकारको मापदण्ड अनुसार निःशुल्क उपचार तथा औषधी खर्चको लागि रु ३० लाख बजेट बिनियोजन गरेको छ ।

२६ यस गाउँपालिका भित्रका गर्भवति महिलाहरु स्वास्थ्य संस्थामा सुत्केरी हुन असम्भव भई उपचारमा कठिनाई आई उपचारको लागि पालिका बाहिरका सुविधा सम्पन्न स्वास्थ्य संस्थामा पठाउने अवस्था सृजना भएमा यातायात खर्च वापत लाग्ने रकमको लागि उपाध्यक्ष सुत्केरी उद्दार कोष निर्माण गरि सो कोषमा रु. ५ लाख बजेट बिनियोजन गरेको छु । यस कार्यक्रमबाट सुत्केरी हुन नसकि अकालमै मृत्यूवरण गर्नु पर्ने अवस्थाको अन्त्य हुने र मातृ मृत्यूदर घट्ने बिश्वाश लिएको छु।

२७ जेष्ठ नागरीक दलित, बिपन्न परिवार, फरक क्षमता भएका व्यक्ति, दन्द्धपिडित जनयुद्ध तथा जनआन्दोलनका शहिद, वेपत्ता परिवार र घाईते ब्याक्ति लगाएतका अन्य व्याक्तिहरुको निः शुल्क उपचारको लागि स्वास्थ्य शिविर संचालन गरिनेछ जसका लागि रु.७ लाख बजेट बिनियोजन गरेको छु।

२८ यस नरहरिनाथ गाउँपालिकामा रहेका गरिव, बिपन्न, टुहुरा, अशाहय र फरक क्षमता भएका बालबालिकालाई निः शुल्क छाना, खाना, नाना, शिक्षा र स्वास्थ निः शुल्क उपलब्ध गराउने अभिप्रायले बाल आश्रमको स्थापना तथा संचालन गरिने छ । जसका लागि रु. २५ लाख बजेट बिनियोजन गरेको छु ।

२९ शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाउन र सामुदायीक बिद्यालयका बिद्यार्थीको सिकाई प्रक्रियालाई गुणस्तरीय बनाई राष्ट्रिय स्तरको जनसक्तिको रुपमा तयार गर्न पालिका भित्रका शुन्य दरबन्दि भएका आ. वि.र मा.बि.मा नयाँ अनुदान कोटा थप गर्न रु. ४७ लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।

३० स्थानिय परिवेश सुहाउँदो आधारभुत तहको पाठ्यक्रम निर्माण गरी सिकाई प्रक्रिया उपलब्धिलाई अर्थपूर्ण व्यवहारीक शिपमुलक बनाउन रु. ८ लाख बजेट बिनियोजन गरेको छु ।

३१ नेपाल सरकारले सामुदायिक बिद्यलयका प्र. अ. हरुलाई दिईने प्र. अ.भत्ता बराबरको रकम यस गाउँपालिकाबाट सत प्रतिशत थप गरिएको छ जसका लागि आवश्यक बजेटको बिनियोजन गरेको छु ।

३२ यस गाउँपालिका भित्रका सम्मूर्ण करार राष्ट्रसेवक कर्मचारीको सम्मान तथा योगदानको उच्च कदर गर्दै सेवा प्रवाहलाई सहज सरल तथा सुविधायुक्त तरिकाले प्रवाह होस भन्ने हेतुले सम्पूर्ण कर्मचारीको तलवमानमा एकमुष्ट रु. १ हजारका दरले बृद्धि गरेको छु । जसका लागि आवश्यक बजेटको बिनियोजन गरेको छु ।

३३ स्थायी राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकार र कर्णाली प्रदेश सरकारले उपलब्ध गराउने भनि बजेट वक्तव्यमा घोषणा गरेको पर्यटन काजका लागि आवक्षयक पर्ने बजेट विनियोजन गरेको छू ।

३४ शिक्षण सिकाईलाई प्रभावकारी बनाउन शिक्षक कर्मचारीको क्षमता बिकास तालिम गर्ने उद्देश्यले आवश्यक बजेटको बिनियोजन गरेको छु ।

३५ सुनौलो १००० दिनका महिला,किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनका लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट र यस गाउँपालिकाबाट बिनियोजन गरिएको बजेटलाई समेत पोषण सुधारको लागि बिषयगत क्रियाकलाप संचालन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।

३६ यस गाउँपालिका भित्रका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई यस गाउँपालिका भित्रका गर्भवति र सुत्केरी भएका महिलाको घर घरमा गई स्वास्थ्य परामर्श सेवा दिए वापत बार्षिक रु.१० हजार का दरले यातायत खर्च वापत यस पालिकाबाट दिने आवश्यक बजेटको गरेको छु ।

३७ यस गाउँपालिका भित्रका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई बिगतका बर्ष देखि दिदै आएको प्रोत्सान भत्तालाई निरन्तरता दिएको छु । जसको लागि आवश्यक बजेट बिनियोजन गरेको छु।

३८ प्रत्येक नागरीकलाई खानेपानी सेवाको सहज पहुँच पुर्याउन तथा बालबालिकाहरुलाई कुपोषण मुक्त बनाई दिर्घकालिन रुपमा स्वस्थ बनाउन बिभिन्न  पोषण मैत्री क्रियाकलाप सचालन गर्न रु. ३५ लाख बिनियोजन गरेको छु ।

**सभाध्यक्ष**

**गाउँ सभा सदस्यहरु**

३९ कोभिड-१९ माहामारीबाट प्रभाबित हालको बिषम परिस्थिती समान्य हुनसाथ बजेटको प्रभावकारी कार्यन्वयनबाट चालु एवम निर्माणाधिन आयोजनाहरुको कार्यान्यनमा तिब्रता आउने, रणनितिक, भौतिक पूर्वाधारको निर्माण कार्य अगाडी बढ्ने र नागरिकको सहज जीवन यापनको बाताबरण तयार हुनेछ । यसबाट आगामी आर्थिक बर्षमा गाउँपालिकामा थप गतिबिधिहरु नियमित भई आर्थिक बिकास हासील हुने अपेक्षा गरेको छु ।

४० नरहरिनाथ गाउँपालिकाको बजेट तथा कार्यक्रम तयारीका लागी महत्वपूर्ण मार्ग दर्शन एंवम सुझाब प्रर्दान गर्नुहुने गाउँपालिका अध्यक्ष प्रति हृर्दय देखी नै आभारी छु ।  बजेटका सिद्धान्त,आधार, उद्देश्य र प्रथामिकतामा छलफल गरी महत्वपूर्ण सुझाव र मार्गदर्शन प्रदान गर्नु हुने कार्यपालिकाका सदस्यहरु र गाउँ सभाका सदस्यहरु प्रति आभारी छु । यस क्रममा बिभिन्न माध्यमबाट सौहार्द पूर्ण तरीककाले सुझाब प्रदान गर्नु हुने राजनितिक दल, प्रशासन शाखा प्रमुख, लेखा शाखा प्रमुख,योजना शाखा, प्रमुख राष्ट सेबक कर्मचारी,नीजि क्षेत्र, उद्योगी, ब्यापारी, सहकारी क्षेत्र, नागरिक समाज, बिकास साझेदार, गैरसरकारी संस्था, यो बजेटलाई पूर्णता दिन आफ्ना सिर्जनशिल हातहरुद्धारा उत्कृष्ट आर्ट प्रदान गर्ने कम्युटर अपरेटर र संचार जगत सबैलाई धन्यबाद ज्ञापन गर्दछु । बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा प्राप्त भएको सहयोग बजेट कार्यान्वियनको क्रममा समेत निरन्तर रहने अपेक्षा गर्दछु ।

४१ अन्त्यमा आज प्रस्तुत गरिएको आगामी आर्थिक बर्ष २०७८ /०७९ को बजेटको प्रभाबकारी कार्यान्वियनबाट कोभिड-१९ माहामारी र सम्भाबित खाद्य संकटबाट गाउँपालिकाबासीको जिवन रक्षा सिपमुलक रोजगारीको सृजना उत्पादन तथा उत्पादकत्वमा बृद्धि जिवन उपयोगी शिक्षाको उत्थान, दिगो पूर्वाधार बिकास, शान्ति सुरक्षा सुशासन र सेवा प्रवाहमा सुधार भई शिथिल बनेको आर्थिक गतिबिधि र बिकास निर्माणका कार्यहरुमा गतिशिलता आई नागरिकको अधिकतम हित सुनिश्चित हुने बिश्वास लिएकोछु ।

धन्यवाद !